# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, असोज २८ गते २०५१ साल (अतिरिक्ताङ्क ३१ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेववाट विजया दशमीको शुभ उपलक्ष्यमा २०५१ साल असोज २८ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

नेपालीहरूको महान् चाड बडादशैं हामी सदा झैं खुशीका साथ आज फेरी मनाउँदैछौं । हाम्रो धर्म र संस्कृतिको विशेषता झल्काउने यस पर्वमा जहाँ रहेबसेका भए पनि सम्पूर्ण नेपालीहरूको साथै सबै हिन्दूहरूको सुख, सुस्वास्थ्य र समृद्धिको लागि शुभकामना व्यक्त गर्दछौं ।

शीतयुद्ध समाप्त भए पनि साना र विकासोन्मुख राष्ट्रहरूका लागि आजको विश्व भरपर्दो र अनुकूल बन्न सकेको छैन । यसैले पनि राष्ट्रिय एकता, राष्ट्रप्रतिको बफादारी, गौरवपूर्ण इतिहासप्रति कृतज्ञता र मुलुकको आर्थिक विकासप्रति समर्पणको आवश्यकता अझ बढेको छ । कष्टप्रद हुँदै गएको जनताको जीवनमा कसरी राहत पुऱ्याउन सकिन्छ र जनतालाई वर्तमानप्रति उत्साहित एवम् भविष्यप्रति आशावादी बनाउन सकिन्छ भन्ने कुरालाई नै आज प्राथमिकता दिनु परेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सत्य, न्याय र करूणाकी प्रतीक श्री नवदूर्गा भवानीले यस पुनीत अवसरमा प्रत्येक नेपालीलाई आफनो धार्मिक परम्पराको अटुट शृङ्खला कायम राख्दै नेपाल अधिराज्यको स्वतन्त्र व्यक्तित्वलाई सुदृढ गर्ने शक्ति र प्रेरणा प्रदान गरून्– यही हाम्रो प्रार्थना छ ।

—जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

११२०



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार